

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



कोभिड-१९ सङ्क्रमितहरूको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरूको उच्च मनोबल कायम राख्न हौसला प्रदान गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 27 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६८



## पर्सामा निषेधाज्ञा फेरि एक साता लम्बियो

प्रस, वीरगंज, १२ जेठ/

वैशाख १६ गतेदेखि पर्सा जिल्लामा लाग्दै आएको निषेधाज्ञालाई निरन्तरता दिँदै जेठ २० गतेसम्म पुनः एक साताको लागि लम्ब्याइएको छ ।

कोभिड सङ्कट व्यवस्थापन केन्द्र, पर्साको बुधवार सम्पन्न बैठकले निषेधाज्ञा अवधि एक साता लम्ब्याउन गरेको सिफारिश अनुसार प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले जेठ २० गते राति १२ बजेसम्मको लागि लम्ब्याइएको बताएका छन् ।

यो अवधिमा अत्यावश्यक काम, औषधि उपचारबाहेक घरबाट बाहिर ननिस्किन, हिंड्डुल नगर्न जिल्ला प्रशासन कार्यालय, पर्साले अनुरोध गरेको छ । आदेशको बर्खिलाप गर्नेलाई प्रचलित कानून अनुसार सजाय, जरिवाना गरिने सो कार्यालयले जानकारी गराएको छ । मालवाहक सवारीसाधन, सुरक्षा, स्वास्थ्य सेवासम्बन्धी कर्मचारीहरूले प्रयोग गर्ने सवारीसाधन, एम्बुलेन्स, शववाहन, फोहरमैला व्यवस्थापन, खाद्यान्न, फलफूल, पेट्रोलियम पदार्थ, पानी, कृषिउपज, तरकारी, दुग्धजन्य पदार्थ, पशुपक्षीको दाना ढुवानी गर्ने



तस्वीरः फाइल

सवारीसाधन, आइसोलेशन, होल्डिङ सेन्टरको व्यवस्थापनमा प्रयोग हुने सवारीसाधन, अत्यावश्यक काममा प्रयोग हुने सवारीसाधनबाहेक सबै प्रकारका सवारीसाधन प्रयोग गर्न निषेध गरिएको छ ।

मृत्यु, अन्तिम संस्कार, विवाह कार्यक्रममा दुईवटा सवारीसाधन ब्यानरको प्रयोग गरी सञ्चालन गर्न दिइएको । विकास निर्माण आयोजनासँग सम्बन्धित कर्मचारी, जनशक्तिले अनुमतिप्राप्त सवारीसाधन मात्र प्रयोग गर्न पाउने र स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर खाद्यवस्तु बिक्री गर्ने पसल बिहान ८ बजेसम्म सञ्चालन गर्न पाइने र तरकारी, फलफूल, पानी, दुग्धजन्य पदार्थलगायत खाद्यवस्तुको व्यापारसँग सम्बन्धित व्यवसायीले होम डेलिभरी गर्न पाइने व्यवस्था गरिएको छ ।

विवाह, व्रतबन्ध, न्वारन जस्ता कार्यमा १० जनासम्मको सहभागितामा घरमैं तर होटल, पार्टी प्यालेसमा गर्न निषेध गरिएको छ । अत्यावश्यकबाहेक सबैखाले निजी सेवा प्रवाह स्थगन गरिएको बताइएको छ । उद्योगमा कार्यरत श्रमिकहरूलाई आवासीय प्रबन्धसहित उद्योग सञ्चालन गर्न पाइने, बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूले परिचयपत्रका साथ आवतजावत गर्न सक्ने र सकभर एटिएमलगायत विद्युतीय कारोबारलाई जोड दिनुपर्ने आदेश छ ।

वीरगंज नाकाबाहेक अन्य सबै नाकाबाट आवागमनमा रोक लगाइएको छ । वीरगंज नाकाबाट प्रवेश गर्नेहरूले स्वास्थ्य जाँच र स्थानीय तहले तोकेको आइसोलेशन सेन्टर वा होम आइसोलेशनमा अनिवार्य बस्नुपर्ने निषेधाज्ञामा आदेश जारी गरिएको छ ।

## वीरगंजमा ६० जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, १२ जेठ/

नारायणी अस्पताल वीरगंजमा



तस्वीरः फाइल

बुधवार बिहान ६० जना सङ्क्रमित पुष्टि भएका छन् भने दुईजनाको मृत्यु भएको छ । अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले मङ्गलवार २८२ जनाको स्वाब परीक्षण गर्दा बुधवार बिहान नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले ६० जना सङ्क्रमित पुष्टि गरेको बताए ।

उनले सङ्क्रमित पुष्टि हुनेमा पर्साका २४ जना, बाराका २१ जना, रौतहटका ८ जना, सर्लाहीका ६ जना र ललितपुरका १ जना रहेको जानकारी गराए । सङ्क्रमितमध्ये ४१ जना पुरुष र १९ जना महिला छन् भने उनीहरूको उमेर ४ देखि ७५ वर्षसम्म छ । सिटी भ्यालू १३.५ देखि ३५.७ सम्म रहेको उनले जानकारी गराए ।

यसैबीच, नारायणी अस्पतालमा बुधवार तीनजना सङ्क्रमितको मृत्यु भएको छ । पर्सा जिल्ला बहुदरमाई नगरपालिका-२ बहुअर्वाभाठा निवासी ४५ वर्षीया महिलाको बिहान ९:१५ बजे र पोखरिया नगरपालिका-३ वसन्तपुरकी ५० वर्षीया महिलाको बिहान ८ बजे र रौतहट, जयनगर निवासी २१ वर्षीया महिलाको दिउँसो ४:३० बजे मृत्यु भएको कोभिड संयोजक डा दासले पुष्टि गरेका छन् ।

## एडभान्स अस्पतालका स्वास्थ्यकर्मीहरू काममा फर्के

प्रस, वीरगंज, १२ जेठ/

एडभान्स मेडिकेयर हस्पिटलमा



काम बन्द गरेका एडभान्स अस्पतालका स्वास्थ्यकर्मीहरू । तस्वीरः प्रतीक

कार्यरत कर्मचारीहरू काममा फर्केका छन् । भत्ता, सेवा सुविधा नपाएको भन्दै बुधवार बिहान कर्मचारीहरू आन्दोलनमा उत्रिएपछि बिरामीहरू मर्कामा परेका थिए ।

कर्मचारीहरू आन्दोलनमा उत्रिएपछि कतिपय बिरामी अस्पतालबाट फर्किएका थिए । बिरामीका कुरुवाहरूले स्थानीय प्रशासनसँग विवाद गरेपछि प्रहरीको सक्रियतामा कर्मचारी र अस्पताल व्यवस्थापनबीच वार्ता भएको थियो । वार्तामा कर्मचारीले उठाएको माग भोलिदेखि पूरा गर्ने सहमति गरेपछि काममा फर्केको स्वास्थ्यकर्मी परमानन्द मण्डलले बताए । अस्पतालमा वैशाख १६ गतेदेखि कोरोना सङ्क्रमितहरूको उपचार शुरू हुँदा प्रतिड्युटी रु ५ सय, नाइट ड्युटी रु १ हजार, सो अवधिमा तलब वृद्धि गर्ने मौखिक सहमति भएको तर व्यवस्थापन पक्षले हिजो तलबसहित अन्य सेवा सुविधा पठाउँदा प्रतिड्युटी रु ३ सयको दरले पठाएको कर्मचारीहरूको आरोप छ ।

## वडा नं ५ मा निश्शुल्क स्वास्थ्य सेवा

प्रस, वीरगंज, १२ जेठ/

वीरगंज महानगर-५ वडा समितिको कार्यालयले बुधवारदेखि आफ्नो वडामा निशुल्क स्वास्थ्य सेवा शुरू गरेको छ ।

नगरप्रमुख विजयकुमार सरावगीले सो सेवाको आज उद्घाटन गरेका हुन् । उनले वडासमितिले आफ्नै वडावासीको सहयोगमा यसअघि कोरोना सङ्क्रमणमा खाद्यान्न राहत वितरण गरेको र अहिले स्वास्थ्य सेवा सुचारु गरेकोमा प्रशंसा गरे ।

उद्घाटन समारोह वडाध्यक्ष प्रदीप चौरसियाको अध्यक्षतामा भएको थियो भने सहायक प्रमुख जिल्ला अधिकारी खगेन्द्र मल्ल, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, डा नीरज सिंह, रोशन अली, वीरगंज महानगरका स्वास्थ्य शाखा प्रमुख अरुण महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

वडाध्यक्ष चौरसियाले वडामा रहेका सङ्क्रमितबाहेकलाई पनि निशुल्क




स्वास्थ्य सेवा र औषधि, अक्सिजन उपलब्ध गराउने नीति रहेको बताए । उनले वडावासीको सहयोगमा अक्सिजन र औषधिसमेतको व्यवस्था गरिएको जानकारी गराएका छन् । चारजना चिकित्सक र चारजना स्वास्थ्यकर्मीले यस कार्यमा सहयोग गर्ने उनले जानकारी गराए । स्वास्थ्यकर्मीहरूले वडामा देखिएका बिरामीहरूको पहिचान गर्ने र

(बाँकी तेस्रो पातामा)

## पत्रकार महासङ्घलाई आर्थिक सहयोग

प्रस, वीरगंज, १२ जेठ/

नेपाल पत्रकार महासङ्घ, पर्सा




तस्वीरः प्रतीक

शाखाको कोभिड एक्शन टीमलाई विभिन्न संस्थाले आर्थिक सहयोग गरेको छ ।

नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाकी महिला उपाध्यक्ष सुषमा शर्मालाई लेडिज सर्कलबाट रु २० हजार, सोहन पोद्दारबाट रु ५ हजार, सान्ह्वी रेडियोबाट रु २५ हजार सहयोग प्राप्त भएको छ । ती संस्थाका तर्फबाट चेक तथा नगद सहयोग उपाध्यक्ष शर्मालाई हस्तान्तरण गरिएको थियो । प्राप्त सहयोगबाट कोरोना सङ्क्रमित पर्साका पत्रकारहरूलाई आर्थिक सहयोग गरिएको शाखाका कोषाध्यक्ष सञ्जीव मिश्रले बताए ।

## पर्साका किसानहरू मल, बीउबिजनको सञ्चय गर्दै

प्रस, वीरगंज, १२ जेठ/

बर्सेनि धानखेतीको बेलामा मलको अभाव हुने देखेर पर्साका किसानहरूले यसपटक धानखेतीअगावै मल बीउको सञ्चय गर्न थालेका छन् ।

अहिले धानबालीको लागि खेत खनजोत गर्ने बेला हो । यसपछि बीउ छर्ने काम हुन्छ । केही किसानले मात्र अहिले बीउ छरेका छन्, अधिकांश किसानले बीउ छर्न सकेका छैनन् । जेठको अन्तिम सातादेखि ब्याडमा बीउ छर्ने र असारको अन्तिम सातादेखि रोपाइँ शुरू हुने हुँदा डिएपी, पोटास, युरिया मलका साथै कीटनाशक औषधि र किसानहरूले सञ्चय गर्न थालेका छन् ।

आवश्यक भएको बेलामा यी वस्तुहरूको बर्सेनि अभाव हुने हुँदा यसपटक उनीहरूले सिजनअगावै सञ्चय गर्न शुरू गरेका हुन् । मल, औषधिको आवश्यकता भएको बेलामा किसानहरूले बर्सेनि अभाव झेल्दै महँगोमा खरीद गर्नुपर्ने बाध्यता थियो । अहिले कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीले रासायनिक मल र उन्नत जातको बीउ सहकारी संस्थाहरूलाई उपलब्ध गराउँदै आएको छ । कृषि सामग्री कम्पनीले



तस्वीरः फाइल

डिएपी, युरिया, पोटास प्रत्येक साता १३० बोरा संस्थालाई उपलब्ध गराउँदै आएको छ भने साल्ट ट्रेडिङले दुई सातामा सय बोरा मल, पोटास उपलब्ध गराउँदै आएको छ ।

दुवै कम्पनीबाट अहिले संस्थाहरूमा मल वितरण भइरहेको फाइदा उठाउँदै किसानहरूले सिजनअगावै सञ्चय गर्न शुरू गरेका हुन् ।

जीराभवानी गापा-२ सेढवा निवासी प्रदीप दासले निषेधाज्ञा अवधि निरन्तर लम्बिरहेको कारण यसपटक पनि गत वर्षजस्तै मल र बीउबिजनको लागि समस्या हुने भन्दै सञ्चय गरेको बताए । उनले यसपटक अभाव झेल्नुनपरोस् र महँगोमा मल, बीउबिजन खरीद गर्नुनपरोस् भनेर समयअगावै सञ्चय गरेको बताएका छन् । बर्सेनि धानको सिजनमा मल, बीउबिजनको अभाव हुने र संस्थामा मल लिन लाम लाग्नुपर्ने तथा सीमामा सुरक्षाकर्मीको यातना सहेर मल, बीउबिजनको जोहो गर्नुपर्ने भएकोले यसपटक त्यसो नहोस् भनेर अगावै सञ्चय गरेको बताए ।

पटेर्वासुगौली गापाका किसान प्रमोद चौधरीले खेतीको भरमा जीविकोपार्जन गर्दै आएका किसानले आवश्यक कृषिजन्य सामग्रीहरू स्थानीय सरकारबाट समयमा नपाउने गरेको कारण यसपटक आफैंले सुरुआत गरेको बताए । उनले सञ्चय गरेपछि आवश्यक परेको बेलामा सहज खर्च गर्न सकिने र अभाव नहुने बताए ।

जय माँ मारुती नन्दन कृषि सहकारी संस्थाका अध्यक्ष सत्यनारायण साहले आफ्नो क्षेत्रका ७५ प्रतिशत किसानले मल, बीउबिजनको सञ्चय गरेको बताए ।

## विचारसार एवं सूक्तिहरू

**ऋषिमुनिहरूले बताएका चारवटा महान् दान यी हुन्– विपत्तिग्रस्तको विपत्ति हटाउनु, रोगीलाई चिकित्सादान, विद्यार्थीलाई विद्यादान र भोकालाई अन्नदान ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सङ्क्रमणले जरो गाडेको देश

**अस्पताल यसै पनि, सामान्य अवस्थामा पनि, नभई नहुने चीज हो। मानिस रोगको घर हो, सबै उमेरका व्यक्तिलाई केही न केही रोग लागि नै रहेको हुन्छ। झन् अहिले शिक्षाको प्रचारप्रसार तथा सरकारको तत्परताका कारण मानिसमा स्वास्थ्य सचेतना पनि वृद्धि भएको छ। सानो स्वास्थ्य समस्या भएपनि चिकित्सकसँग परामर्शकै खातिर पनि मानिस अस्पताल पुग्ने गर्दछन्। झन् अहिले त कोरोनाजस्तो असाध्य महामारीले विश्वलाई नै दग्ध पारेको छ। यस्तोमा नेपालजस्तो देश जहाँ चिकित्सक, औषधि आदिको अभाव छ, नागरिकको स्वास्थ्य सचेतना भने बढेको छ, महामारीलाई नियन्त्रण गर्न तत्पर र सेवाभावी अस्पताल र चिकित्सकहरू उपलब्ध हुनुपर्नेमा यस गम्भीर बेलामा भएजति नाफा कमाइहालूँ, अवसरको अधिकतम फाइदा उठाइहालूँ भन्ने भावना बलवती भइरहेको देखिन्छ। यो कुरा समाजको सबै क्षेत्रमा देखिएको छ, तर अहिले अस्पताल र चिकित्सक तारो बन्नुको एक मात्र कारण हो–कोरोना । यो शब्द नै भयावह बनेको छ । सबैलाई कोरोना सङ्क्रमण हुने भय छ, भइहाल्यो कि भन्ने आशङ्का बढी छ। यस्तोमा त्राण दिने त अस्पताल नै हो।**

**आज हाम्रो देश सबै क्षेत्रमा सङ्क्रमणको शिकार छ। सङ्क्रमण भन्नेबित्तिकै कोरोना–सङ्क्रमण मात्र होइन, राजनीतिक–सङ्क्रमण, सामाजिक–सङ्क्रमण, नैतिक–सङ्क्रमण पनि हुन् । समाजमा धेरै समयदेखि राजनीतिक सङ्क्रमण पलाइरहेको छ । कोरोनाको पहिलो लहरपछि अवस्था सामान्य भयो भनिरहँदा दोस्रो लहर आएजस्तै राजनीतिमा बहुमत मात्र होइन, अधिक बहुमत (तीनचौथाई) को सरकार आएर अब राजनीतिक सङ्क्रमण सिद्धियो भनिरहँदा पहिलेभन्दा पनि पेचिलो राजनीतिक सङ्क्रमण देखापऱ्यो । राजनीतिक समस्या वा सङ्क्रमणलाई निकास दिन राष्ट्रपति बनाइयो तर राष्ट्रपति सरकारको रबरस्टाम्प बनेपछि राजनीतिक सङ्क्रमणले कसरी निकास पाओस् ? रोगको समाधान गर्ने अस्पताल नै स्वार्थी बनेपछि रोगी कहाँ जाओस्, राजनीतिको अस्पताल मानिएको राष्ट्रपति पद नै सरकारको चोचोमा चोचो मिलाउने भएपछि राजनीतिक सङ्क्रमण कसरी हराओस् ? यी सबै समस्याको समाधान दिने सांसदहरू संसदीय कोषका लागि सरकारको हिमायती बन्न थालेपछि त झन् सङ्क्रमणले विकृति ल्याउने नै भयो।**

**कुनै पनि राज्यको मियो भनेको सरकार हो। सरकार नै सङ्क्रमणले मक्किएको छ भने दाइँ कसरी हुने ? यसैको असर हो नेपालमा नैतिक सङ्क्रमण फैलनु । र नैतिकता यस्तो कुरा हो, जुन सङ्घसंस्थामात्र होइन, व्यक्तिव्यक्तिमा आवश्यक मानिन्छ। व्यक्तिमा पनि बौद्धिक वर्ग बढी नैतिक हुनुपर्छ भन्ने मान्यता छ। तर बौद्धिक वर्ग त राजनीतिक सिद्धान्तका अनुसार पक्ष र विपक्षमा विभक्त छ। बुद्धिको पनि राजनीतीकरण हुने यस मुलुकमा के चिकित्सक, के शिक्षक, के व्यापारी, के वकील, के पत्रकार सबैमा नैतिकता ह्रासको सङ्क्रमण कोरोना सङ्क्रमणभन्दा पनि शक्तिशाली रूपमा विद्यमान रहेको छ। त्यसैले त सरकारले कोरोना खोप खरीद गर्न बजेट निकासा गर्छ तर कमिशन पाइएन भनेर कसैले दाबी गर्नेबित्तिकै खोप खरीद हुनै पाउँदैन । आपत्कालमा सामान्य नियम निरस्त गर्न सरकार स्वतन्त्र हुन्छ, तर आफ्नो स्वार्थको बाटोको तगारो हटाउन सामान्य समयमा पनि विधेयक ल्याउन सक्ने सरकार जाबो कमिशनको तगारो हटाउन सक्दैन। योभन्दा भयावह कोरोना सङ्क्रमण हुनै सक्दैन। यसलाई कुनै खोपले निको पनि पार्न सक्दैन।**

# खतरा अझै टरेको छैन

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**जङ्गलबाट काठ तस्करी गर्ने र वन्यजन्तुको चोरीशिकारी गर्ने काममा बन्दाबन्दीको दुरुपयोग गरे । लुकीचोरी पसल खोलेर म्याद गुज्रेका, सडेगलेका वस्तु दोब्बर–चौब्बर नाफा लिएर बेच्नेहरू पनि देखिए । यस्ता द्रव्य–पिपासुहरूले गर्दा नै समाजको यो दुर्दशा भएको हो ।**

अलिकति पनि खतरा टरेको छैन । सबैतिरबाट लगातार अनुरोध गर्दा पनि अलिकति छुटको फाइदा उठाउन खोज्ने प्रवृत्ति कम नहुँदा समस्या बढेको थियो। जहिले पनि निषेधाज्ञा लगाएपछि मात्र सुन्ने र समाजमा कोरोनाको अत्यन्त धेरै विस्तार भएपछि मात्र 'हो कि' जस्तो गर्ने प्रवृत्ति अझै पनि हामीबाट गएको छैन । समाजमा लापरवाही हद निकै बढेकै हो र लापरवाहीको परिणाम पनि समाजले नै भोगेको हो। अत्यन्त गम्भीर भएर बुझ्ने प्रयास गर्ने हो भने सजग र सतर्क रहेकाहरूले पनि गम्भीर परिणाम भोग्नुपरेको देखिन्छ, किनभने लापरवाहहरू ठ्याम्मै संवेदनशील भइदिएनन्। हुन सक्छ लापरवाह व्यक्ति सङ्क्रमित भएको उसलाई थाहा नहोस्, उसमा कुनै लक्षण पनि नदेखिएको होस् तर उसबाट अरूमा सरेको हुन सक्छ। अरूमा सर्दा पनि यसको लक्षण देखियोस् तर हानि पुऱ्याइरहेको होस् । बेहद लापरवाहीको पनि समाजले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ र चुकाएको पनि छ। अझै समाजले ठूलो मूल्य चुकाइरहेको छ र पछि पनि चुकाउनुपर्नेछ। कोरोनाले गर्दा देश अहिले कठिन घडीबाट जुग्रिरहेको छ, यो अवस्था यत्तिकै आएको होइन । यसमा समाजका सदस्यहरूकै लापरवाही हो भन्ने बुझ्न गाह्रो छैन । यसको उपचारमा संलग्न सबै चिकित्सक तथा उपचार पत्ता लगाउने वैज्ञानिकहरूले एक स्वरले के भनिरहेका छन् कि यो एक व्यक्तिबाट अर्को व्यक्तिमा त्यति बेलासम्म सरिरहन्छ जबसम्म दश दिन पुग्दैन। अर्थात् कुनै एक व्यक्तिमा कोरोना भाइरस सरेको छ भने त्यो भाइरस उसबाट दश दिनसम्म मात्र अरूमा सर्न सक्छ। दश दिनपछि ऊ सङ्क्रमित भए पनि वा पूर्ण निको भइसकेको अवस्था नभए पनि उसबाट अरूमा सर्दैन।

एक मान्छेबाट अर्को मानिसमा नसरोस् भन्ने कुराको निश्चितताको लागि नै निषेधाज्ञा वा बन्दाबन्दीको घोषणा गर्नुपरेको थियो र अहिले पनि त्यही कारण मुख्य हो । गत वर्ष एकसाथ देशभर बन्दाबन्दी भएको थियो तर यसपटक भने जिल्लाहरूको अवस्था हेरेर निषेधाज्ञा वा पूर्ण बन्दाबन्दी घोषणा गर्ने अधिकार दिइएको थियो। कतै पूर्ण र कतै आंशिक निषेधाज्ञा जारी भयो। देशका दुई जिल्लाबाहेक सबै जिल्लामा निषेधाज्ञा जारी भएको वर्तमानमा यो पनि स्पष्ट भएको छ कि अलिकति कमी वा बेसी देशका हरेक क्षेत्रका मानिसमा निकै चञ्चलता छ। यसै कारण केही दिनकै अन्तरालमा करीब देशभर नै कोरोनाको दोस्रो लहर फैलियो । गत वर्षभन्दा यस वर्ष कोरोनाको विस्तार पनि निकै तीव्र रह्यो भने गत वर्षको तुलनामा यस वर्ष धेरै क्षति पनि पुऱ्यायो। यस वर्ष सामाजिक सञ्जालमा एकपछि अर्को समवेदना तथा श्रद्धाञ्जलिले भरिएको देख्दा कसको मन नरुँदो होला। को विचलित नभएको होला। हरेक संवाद तथा समाचार माध्यममा कोरोनाले नै प्राथमिकता पाइरह्यो । यतिसम्म क्रूर समय आइदियो कि मानिस छिमेकीकहाँ पनि जान डराए । छिमेककै बिहेमा गएनन्, छिमेकमैं मृत्यु हुँदा सामेल भएनन्। किन आएनौ भनेर बिहेघरबाट पनि प्रश्न आएन र मृत्युसंस्कार भएको घरबाट पनि प्रश्न आएन। यो अवस्था अहिले पनि छ। यद्यपि कतिपय अवस्थामा लापरवाह मानिस भने घरबाट निस्कन छाडेनन् । न मास्क, न कुनै सुरक्षा सावधानीस कोरोना प्रोटोकलको परिपालन नगरी निरन्तर भोजभेतर तथा अन्य गतिविधिमा सहभागी भइरहे। अझै पनि भइरहेका छन्।

कोरोनाको उपचार अहिलेसम्म नेपालमा छैन । केही हजार मानिसले मात्र पूर्ण कोरोना खोप लिएको हुनुपर्छ। नेपालमा कोरोना लागेर लाखौं मानिस निको भइसकेका छन् । कोरोना सङ्क्रमितहरू अधिकांश घरमैं बस्न मन पराएका छन्। स्वास्थ्य समस्या भएपछि बल्ल अस्पताल पुग्छन् । घरमैं बसेर उपचार गरेर धेरै निको भएका छन्। कति कोरोना सङ्क्रमितले आफ्नो वास्तविकता बताउँदै नबताएको पनि पाइएको छ। घरमा कोरोना सङ्क्रमितले जस्तो व्यवहार गर्ने तर समुदायमा निर्धक्क घुम्ने लापरवाहहरू पनि नदेखिएका होइनन्। यस्तै लापरवाहहरूका कारण समाजमा कोरोना निकै विस्तार भएको हो। यसकारण सकेसम्म घरबाट बाहिर ननिस्कन सबैतिर आग्रह गरिएको हो र निषेधाज्ञा लगाउँदा वा बन्दाबन्दी गर्दा राज्यका सबै अङ्ग तथा निकायलाई हुनसम्म घाटा हुने भए पनि मानिसको आवागमनको सञ्जाल तोड्न बाध्यकारी कदम चाल्नुपरेको हो । यो बाध्यकारी कदमको उद्देश्य नागरिकलाई परेशान गर्नु कदापि होइन, न कसैलाई व्यक्तिगत नोक्सानी पुऱ्याउनु नै हो भन्ने कुरो सबैले बुझेका छन् तर कतैकतै निषेधाज्ञा पालन गराउने क्रममा प्रहरीमाथि नै स्थानीय जाइलागेको सुन्नमा आएको छ। प्रहरीले गर्दा निषेधाज्ञा लागेको देख्नु दुर्भाग्यपूर्ण हो । वास्तवमा कोरोना भाइरस एक मानिसबाट अर्को मानिसमा सर्ने भएकोले एक मानिसदेखि अर्को मानिसको सम्पर्क न्यून पार्न निषेधाज्ञा लगाइएको र निषेधाज्ञा लगाइसकेपछि त्यसको परिपालनमा प्रहरीले दायित्व निर्वाह गरेको कुरा बुझ्न आवश्यक छ। र, यो हाम्रो लागि हो भन्ने कुरो समाजले पनि बुझ्नु आवश्यक छ। वास्तवमा अरूको लागि नभई हाम्रो लागि, परिवारको लागि हो भन्ने बुझ्नु जरूरी देखिएको छ।

अहिले केही दिनदेखि सङ्क्रमणको दैनिक दर केही कम हुन थालेपछि दैनिक गतिविधि सामान्य बन्न थालेको छ । मानिस निर्धक्क बाहिर निस्कन थालेका छन् । अहिले बजारमा फेरि भीडभाड बढ्न थालेको छ। साइकल तथा बाइकमा यात्रा गर्नेहरूको सङ्ख्या सडकमा बढ्न थालेको छ । कृषकहरूले पहिलेदेखि नै कृषि उपज बजार पुऱ्याइरहेका थिए । मुख्यगरी हरियो सागसब्जी, तरकारी र दूधको सवालमा यो देखिएको थियो तर अहिले फेरि धेरै नै लापरवाही हुन थालेको छ। बिस्तारै मानिसको मनबाट डर हट्न थालेर हो कि लापरवाही फेरि बढेको देखिन्छ। लापरवाही बढेको देखेर कतिपय मानिस फेरि डराउन थालेका छन् । अलिकति नियन्त्रणातिर जान लागेको समयमा फेरि लापरवाही बढ्ने हो भने सङ्क्रमण पनि उही मात्रामा बढ्ने डर हुन्छ । कोरोनाले समाजलाई पूरै हल्लाइदिएको वर्तमान अवस्थाले अझै पनि शिक्षा दिन नसकेको हो वा समाजले शिक्षा लिन नसकेको हो ? अबका मानिस यति स्वच्छन्द भइसकेका छन् कि एक अर्काको कुरा सुन्न वा बुझ्न चाहँदैनन्। विभिन्न सरकारी निकाय तथा सङ्घसंस्थाहरूले अनेक सन्देश दिएर जति सम्झाउँदा पनि केही लापरवाहहरूले बुझ्न चाहेका छैनन् । तिनको लापरवाहीको असर समाजमा परेको छ अर्थात् अरूले पनि देखासिकी गरिरहेका छन्। कहिलेकाहीं अरूको अनुकरण गर्नुपर्ने बाध्यता पनि हुन्छ आफूलाई निर्भीक देखाउन पनि मानिस कहिलेकाहीं बजार निस्किरहेका छन् । अर्कालाई देखाउन वा अर्काको देखासिकी गर्न अहिले जो लागिपरेका छन्, तिनीहरूले गर्दा नै समाजलाई बढी खतरा छ । समाजमा यस प्रकारको खतराको घण्टी बजाउनेलाई पनि समाजले नै सहेको छ वा समाजले सहनुपरेको छ किनभने आजका मानिस अत्यधिक स्वच्छन्द छन्, अत्यधिक स्वतन्त्र छन्। कोही कसैले भनेको मान्ने वा सुन्ने छैन बरु झन् प्रेरणा पाएको जस्तो गर्दछन्।

सधैं प्रहरीले नै कडाइ गरेपछि समस्या बढेको ठान्ने र प्रहरीले अलिकति ढिलाइ गरेपछि फेरि सामान्य जीवन शुरू भयो ठान्ने प्रवृत्ति बढ्दै गएको छ। अहिले मानिसमा संवेदनशीलता घटेको बुझिन थालेको छ । समाज विकराल समस्याबाट गुज्रिरहे पनि लापरवाही देखिएकै छ । यस लापरवाहीको लक्ष्य के ? कोही धन थुपार्न बेचैन छन्, कोही जति बाहिर निस्कँदा पनि केही हुँदैन भनेर देखाउन व्यस्त छन्। समाजले यस्ता गतिविधि रोक्न नसकेर नै सङ्क्रमितको सङ्ख्या अपेक्षितरूपमा घट्न नसकेको हो । गत वर्ष गाउँलेहरूले धेरै गाउँ स्वघोषित सिल गरेका थिए। सडकमा मूढा तेर्स्याएर, ढाठ लगाएर सडक नै बन्द गरेका थिए जसले गर्दा आवागमन हुन सकोस् तर यसको पनि फाइदा केही तस्कर र चोरीशिकारी गर्नेहरूले उठाए। जङ्गलबाट काठ तस्करी गर्ने र वन्यजन्तुको चोरीशिकारी गर्ने काममा बन्दाबन्दीको दुरुपयोग गरे। लुकीचोरी पसल खोलेर म्याद गुज्रेका, सडेगलेका वस्तु दोब्बर–चौब्बर नाफा लिएर बेच्नेहरू पनि देखिए । यस्ता द्रव्य–पिपासुहरूले गर्दा नै समाजको यो दुर्दशा भएको हो। अहिले पनि सामाजिक गतिविधिमा सबैभन्दा बढी आर्थिक गतिविधि नै बढेको देखिन्छ । यस्तो गतिविधिले सङ्क्रमण नियन्त्रणमा धेरै समय लाग्छ । यसर्थ आआफ्नो क्षेत्रमा सबैजना सावधान रहनु नै बुद्धिमानी हुने देखिन्छ।

# अस्पताल सुविधासम्पन्न हुने जनताको आस

महोत्तरी, १२ जेठ/रासस

सरकारले अत्यावश्यक सेवा बढाउन जलेश्वर अस्पताललाई तत्काल रु ७५ लाख उपलब्ध गराउने घोषणा गरेपछि महोत्तरीका सर्वसाधारणमा गुणस्तरीय सेवा पाउने आस बढेको छ।

जिल्ला अस्पताल भनिंदै आएको सदरमुकाम अवस्थित जलेश्वर अस्पताललाई रु ७५ लाख तत्काल उपलब्ध गराउने नेपाल सरकार अर्थ मन्त्रालयले स्वीकृति दिएलगत्तै सर्वसाधारण जनतामा अब गुणस्तरीय सेवा थपिने आस बढेको हो। जलेश्वर अस्पतालले अहिले महाव्याधि सङ्क्रमणका बेला पिसिआर परीक्षण र कोभिड–१९ उपचार सेवा दिंदै आएको छ।

सरकारले तत्काल सेवा बढाउन उपलब्ध गराउने भनिएको रकमबाट अक्सिजन प्लान्ट स्थापना, अक्सिजन ट्याङ्क, एचडियु जडान र पिसिआर मेशिन खरीद गर्न सकिने जनाइएको छ। अहिले कोभिड–१९ महाव्याधिसँग जुध्नुपरेका बेला रु ७५ लाखले धेरै काम हुन नसक्ने भएको हुँदा एचडियु सेवा विस्तारमा लगाइने जलेश्वर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुरेश पाण्डे बताउँछन्।

"हाम्रो अस्पतालमा प्रदेश नं २ सरकारबाट प्राप्त बजेटले अक्सिजन प्लान्ट निर्माणको काम अघि बढेको छ, अक्सिजन आपूर्ति पाइप लाइन जडानको काम पनि हुँदैछ, पिसिआर मेशिन पनि हामीसँग चालू अवस्थामा छ"–अध्यक्ष पाण्डेले भने–"अब सरकारले दिने भनेको रु ७५ लाख एचडियु सेवा विस्तारमा लगाउन सकिन्छ।" हाल १५ शय्याको एचडियु सेवा बढाउन आवश्यक रहेको पाण्डेको भनाइ छ।

नेपाल सरकार अर्थ मन्त्रालयले महोत्तरीको जिल्ला अस्पताल जलेश्वरसहित १२ वटा अस्पतालका लागि थप रु आठ करोड १० लाखको सहमति दिएको छ । यस अनुसार जलेश्वर अस्पताललाई रु ७५ लाख छुट्याइएको हो। सरकारले छुट्याएको रकम आइपुग्न र त्यसको खर्च प्रक्रिया कस्तो हुने स्पष्ट हुन नसकेको अध्यक्ष पाण्डे बताउँछन्।

अर्थ मन्त्रालयले विभिन्न अस्पतालका लागि हालै स्वीकृत गरेको रु आठ करोड १० लाख रकममध्ये जलेश्वर अस्पतालका अतिरिक्त त्रिवि शिक्षण अस्पताललाई रु ८० लाख, जिल्ला अस्पताल चौतारालाई रु ७५ लाख, जिल्ला अस्पताल दैलेखलाई रु ७५ लाख, जिल्ला अस्पताल धनकुटालाई रु ७५ लाख र जिल्ला अस्पताल इलामलाई रु ७५ लाख रहेको छ। यस्तै जिल्ला अस्पताल संसुवासभालाई रु ८० लाख, रामेछाप अस्पतालका लागि रु ७५ लाख, चौरजहारी अस्पताल रूकुमपश्चिमका लागि रु ७५ लाख, टीकापुर अस्पताल कैलालीका लागि रु ७५ लाख, ओखलढुङ्गा अस्पतालका लागि रु २५ लाख र व्यास अस्पतालका लागि रु २५ लाख रहेको उल्लेख छ।

अहिले कोभिड–१९ महाव्याधिले आक्रान्त बनाएका बेला बढीभन्दा बढी यसको नियन्त्रण, प्रभावकारी उपचार र प्रबन्धमा केन्द्रित हुनुपर्ने जिल्लाका बुद्धिजीवी बताउँछन्। अहिले प्राप्त हुने बजेट र अन्य सहयोग अस्पतालको सेवा र दक्षता वृद्धिमा केन्द्रित गर्न आवश्यक रहेको जलेश्वर–५ का बासिन्दा नेपाली काङ्ग्रेस महासमिति सदस्य बजरङ्ग नेपाली बताउँछन्।

जलेश्वर अस्पताललाई व्यवस्थित गर्नुपर्नेलगायत पाँच बुँदे माग राख्दै गत शनिवार जलेश्वरका केही युवाले प्लेकार्ड देखाउँदै केही बेर शान्तिपूर्ण साङ्केतिक धर्ना गरेका थिए। जलेश्वर अस्पताललाई ५० शय्याको बनाउनुपर्ने, प्रदेशबाट पठाइएका चिकित्सक तुरून्त हाजिर हुनुपर्ने, सरूवा रोग अस्पतालको दरबन्दी कायम हुनुपर्ने, कोभिड–१९ बिरामीको सम्पूर्ण उपचार खर्च सरकारले बेहोर्नुपर्ने माग राख्दै प्रदेश सरकारको ध्यानाकर्षण गराइएको सहभागीमध्येका सत्येन्द्र यादवको भनाइ थियो।

जिल्लामा यसपालि गत वैशाख दोस्रो सातासँगै दोहोरिएर बढेको कोभिड–१९ महाव्याधिले मङ्गलवार अबेर साँझसम्म ६२ जनाको ज्यान लिइसकेको छ। यीमध्ये तीनजनाको मृत्यु मङ्गलवार भएको हो। यस महाव्याधिको सङ्क्रमणमा परेका यसपालि (२०७८) हालसम्म एक हजार ९२५ पुगेको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ। यीमध्ये एक हजार ६०८ जनामा सक्रिय सङ्क्रमण पाइएको कार्यालयका कोभिड–१९ स्रोतव्यक्ति प्रतिभा सिंहले जानकारी दिइन्। जिल्लामा निको हुनेको सङ्ख्या दिनदिनै थपिंदै गएको

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## चक्रवातका कारण भारत, बङ्गलादेशमा ठूलो क्षति

नयाँ दिल्ली, १२ जेठ/एपी

पूर्वी भारत र छिमेकी बङ्गलादेशमा भारी वर्षासहितको चक्रवातका कारण लाखौं मानिस प्रभावित भएका छन् । “यास” नामको उक्त आँधीका कारण बुधवार बिहानसम्म ११ लाखभन्दा बढी मानिसलाई सुरक्षित स्थलमा सारिएको अधिकारीहरूले बताएका छन् ।



भारतको पश्चिम बङ्गालमा ‘यास’ नामक समुद्री आँधीबाट आफ्नो डुङ्गा सुरक्षित गर्दै स्थानीय माझी । तस्वीरः रायटर्स

प्रारम्भिक विवरणमा आँधीका कारण दुईजनाको मृत्यु भएको छ भने घरहरूमा व्यापक क्षति पुगेको छ । भारतका पूर्वी राज्यहरू पश्चिम बङ्गाल र उडिसामा सुरुआती प्रभाव पारेको यो आँधी उत्तरतर्फ बढ्दै गएको छ ।

भारतीय मौसम विज्ञान विभागका अनुसार वर्षासहितको यस आँधीको सरदर गति १३० देखि १४० किलोमिटर प्रतिघण्टा रहेको छ। समुद्री किनाराबाट उक्त आँधी जमीनमा आउन थालेको र बुधवार साँझसम्म उक्त आँधीको वेग कमजोर हुँदै जाने विभागले जनाएको छ।

बङ्गलादेशमा तटवर्ती २०० गाउँका हजारौं बासिन्दा आँधीको चपेटामा परेका छन् । समुद्रबाट आएका अग्लाअग्ला छालले स्थानीयवासीका घर, पसल र खेतीपाती पूरै जलमग्न बनाएको छ ।

दक्षिणस्थित पटुवाखाली जिल्लाको रङ्गबाली गाउँका २० भन्दा बढी गाउँ पूरै डुबानमा परेको एकजना वरिष्ठ प्रशासक मस्फिकर रहमानले जानकारी दिए । उनले नदीका दुईवटा तटबन्ध भत्किएर गाउँ पूरै डुबेको बताउँदै कम्तीमा १५ हजार व्यक्तिलाई आपत्कालीन केन्द्रहरूमा राखिएको जानकारी गराए ।

भारतमा पनि टेलिभिजनहरूले पश्चिम बङ्गालको डिघासमेतका तटीय क्षेत्रका सडकहरूमा घुँडाघुँडा पानी आएको दृश्य देखाएका छन् । भारी वर्षाका कारण धेरै ठाउँमा नदीका तटबन्धहरू फुटेका छन् ।

पश्चिम बङ्गालका मुख्यमन्त्री ममता बनर्जीले संवाददाताहरूसँग कुरा गर्दै तटीय क्षेत्रका बासिन्दाका २० हजारभन्दा बढी अस्थायी माटाले बनाएका घर क्षतिग्रस्त भएको जानकारी दिए ।

मङ्गलवारयता मात्र उडिसाका चन्दबाली र पारादीप क्षेत्रमा १७ सेन्टिमिटरभन्दा बढी वर्षा भएको थियो । यहाँको स्थानीय मौसम कार्यालयले १३ फिटसम्मका अग्ला समुद्री छाल आउन सक्ने प्रक्षेपण गरेको छ ।

कोलकाता र भुवनेश्वरका विमानस्थल बन्द गरिएका छन् भने रेलसेवा रद्द गरिएको छ । माछा मार्ने डुङ्गाहरूलाई सुरक्षित स्थानमा रहन भनिएको छ ।

कोरोना भाइरस महामारी फैलिरहेकै अवस्थामा आएको यस समुद्री आँधीले कोभिड–१९ को नियन्त्रणमा अर्को चुनौती थप्नेछ । गत साता भारतकै पश्चिमी तटीय क्षेत्रमा आएको ताउते नामको समुद्री आँधीका कारण १४० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो ।

उडिसाका मुख्यमन्त्री नवीन पटनायकले आश्रयस्थलमा रहेका नागरिकलाई मास्क लगाउन र सामाजिक दूरी कायम राख्न आह्वान गरेका छन् । रासस

## भारतमा सङ्क्रमण दर घट्यो, मृत्युदर घटेन

नयाँ दिल्ली, १२ जेठ/एएनआई

कोरोना भाइरस महामारीको दोस्रो लहरका कारण सङ्कटमा परेको भारतमा पछिल्ला केही दिनदेखि सङ्क्रमण दरमा कमी आएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कोभिड–१९ को सङ्क्रमण दरमा ९.४२ प्रतिशतले कमी आएको छ भने विगत १३ दिनदेखि सङ्क्रमित हुनेभन्दा सङ्क्रमणमुक्त हुने व्यक्तिको सङ्ख्या बढी छ ।

तर दैनिक मृत्युदरमा सोचे अनुसार कमी आएको छैन । मन्त्रालयले बुधवार सार्वजनिक गरेको विवरणमा २४ घण्टाको अवधिमा ४,१५७ जनाको कोभिड–१९ को सङ्क्रमणबाट मृत्यु भएको उल्लेख छ । योसहित भारतमा हालसम्म कोभिड–१९ को सङ्क्रमणबाट तीन लाख ११ हजार ३८८ जनाको ज्यान गएको छ ।

भारतमा हाल कोभिड–१९ बाट २४ लाख ९५ हजार व्यक्ति सक्रिय सङ्क्रमित अवस्थामा छन् । विगत २४ घण्टामा ९१ हजार व्यक्ति कोभिडबाट सङ्क्रमणमुक्त भएका छन् । भारतमा गत मे १० मा सक्रिय सङ्क्रमितको सङ्ख्या उच्च बिन्दुमा पुगेको थियो । पछिल्लो २४ घण्टामा २ लाख ९५ हजार ९५५ जना सङ्क्रमणमुक्त भएसँगै भारतमा हालसम्म कुल २ करोड ४३ लाख ५० हजार व्यक्ति सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा कोभिड–१९ बाट सङ्क्रमणमुक्त दरमा सुधार भएर ८९.६६ प्रतिशत पुगेको छ । देशभर कोभिड–१९ बाट हालसम्म सङ्क्रमित हुनेको कुल सङ्ख्या २ करोड ७१ लाख ५७ हजार रहेको छ ।

साथै भारतीय स्वास्थ्य अनुसन्धान परिषद्का अनुसार २२ करोड १७ लाख नमूना परीक्षण गरिएको छ ।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार हालसम्म भारतमा कुल २० करोड डोज खोप लगाइएको छ ।

**ब्रजीलमा कोरोनाबाट मर्नेको सङ्ख्या चार लाख ५० हजार नाघ्यो**

ब्रासिलिया/एएनआई

ब्रजीलमा कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या चार लाख ५० हजार नाघेको यहाँको स्वास्थ्य मन्त्रालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण दुई हजार १७३ जनाको मृत्यु भएपछि ब्रजीलमा कोरोनाबाट मृत्यु हुने सङ्ख्या चार लाख ५२ हजार ३१ जना पुगेको छ । गत २४ घण्टामा ब्रजीलमा ७३ हजार ४५३ जना थप व्यक्तिमा कोरोना सङ्क्रमण भएपछि सङ्क्रमितको सङ्ख्या एक करोड ६१ लाख ९४ हजार २०९ जना पुगेको छ ।

यस प्रकोप शुरू भएयता ब्रजीलमा १ करोड ४६ लाख व्यक्ति कोरोनामुक्त भएका छन् । रासस

## अमेरिकी विदेशमन्त्री ब्लिन्केन इजिप्ट प्रस्थान

जेरुसेलम, १२ जेठ/एपी

संयुक्त राज्य अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केन मध्यपूर्वका देशहरूको भ्रमणको सिलसिलामा इजिप्टतर्फ प्रस्थान गरेका छन् । प्यालेस्टाइन र इजरायलको भ्रमणपछि उनी इजिप्ट र जोर्डनको भ्रमण गर्न लागेका हुन् ।

इजरायल र हमास विद्रोही समूहबीच ११ दिने युद्धपश्चात् भएको युद्धविरामलाई स्थायित्व दिने प्रयासस्वरूप विदेशमन्त्री ब्लिन्केनले इजरायल, प्यालेस्टाइन, इजिप्ट र जोर्डनको भ्रमण गर्दै छन् ।

इजिप्टको कायरोतर्फ प्रस्थान गर्नुअघि विदेशमन्त्री ब्लिन्केनले बुधवार इजरायली अधिकारीहरूसँग भेटवार्ता गरेका थिए । युद्धबाट जर्जर भएको गाजा क्षेत्रको पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहायता जुटाउन अमेरिकाले सम्पूर्ण प्रयास गर्ने मन्त्री ब्लिन्केनले प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनले अमेरिकी अग्रसरतामा उपलब्ध हुने सहायता हमास समूहलाई उपलब्ध नहुने स्पष्ट गरेका छन् ।

कायरो प्रस्थान गर्नुअघि ब्लिन्केनले इजरायली राष्ट्रपति रूभेन रिभलिनलाई आगामी हप्ताहरूमा अमेरिका भ्रमणका लागि राष्ट्रपति जो बाइडेनले गरेको आमन्त्रणपत्र हस्तान्तरण गरेका थिए । रिभलिनको कार्यालयका अनुसार राष्ट्रपति रिभलिनले बाइडेनको आमन्त्रणलाई स्वीकार गरेका छन् ।

ब्लिन्केनले इजिप्ट र जोर्डनले यस क्षेत्रमैं शान्ति ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताए । अमेरिकी गठबन्धनका यी दुई मुलुकले इजरायलसँग शान्ति सम्झौता गरिसकेका छन् । दुवै मुलुकले इजरायल र प्यालेस्टिनी नागरिकबीच उत्पन्न हुने सङ्कटको अवस्थामा मध्यस्थता गर्दै आएका छन् ।

विदेशमन्त्री ब्लिन्केनले मङ्गलवार पत्रकारहरूसँग कुरा गर्दै युद्धविराम गराउन इजिप्टले अति महत्त्वपूर्ण भूमिका निर्वाह गरेको र जोर्डनले क्षेत्रीय शान्ति एवं स्थायित्वका लागि निरन्तर आवाज उठाउने गरेको बताए ।

इजरायल र गाजासँग सीमा जोडिएको इजिप्टमा विदेशमन्त्री ब्लिन्केनले राष्ट्रपति अब्देल फताह अल–सिसी र अन्य वरिष्ठ अधिकारीहरूसँग भेटघाट गर्नेछन् । ब्लिन्केनले इजरायल र हमासबीच युद्धविरामका लागि मदत गर्न फोनसमेत गरेका थिए ।

विदेशमन्त्रीका रूपमा ब्लिन्केनको यो मध्यपूर्वको पहिलो औपचारिक भ्रमण हो । मङ्गलवार इजरायली र प्यालेस्टिनी अधिकारीसँग भएको भेटवार्तामा विदेशमन्त्री ब्लिन्केनले दुवै पक्षबीच वार्ता गराउन वातावरण तयार गर्ने विश्वास दिलाएका थिए ।

ब्लिन्केनले प्यालेस्टिनीका लागि चार करोड अमेरिकी डलरको सहायता उपलब्ध गराउने घोषणा गरेका थिए । योसहित बाइडेन प्रशासनले प्यालेस्टाइनका लागि करीब ३६ करोड डलरको सहायता उपलब्ध गराउनेछ ।

विगतमा ट्रम्प प्रशासनले उक्त सहायता रोक्का गरेको थियो । रासस

## बर्थिङ सेन्टरको शिलान्यास

प्रस, जीतपुर, १२ जेठ/

जीतपुरसिमरा उपमहानगरपालिका–२ मा बर्थिङ सेन्टर शिलान्यास गरिएको छ ।

सिमरास्थित प्राथमिक स्वास्थ्य केन्द्र सिमराले निर्माण गर्न लागेको बर्थिङ सेन्टर भवनको बुधवार कार्यक्रमका बीच शिलान्यास गरिएको हो ।

प्रदेश सांसद सुन्दर विश्वकर्माको पहलमा प्रदेश सरकारबाट प्राप्त बजेट रु २० लाखको लागतमा भवन निर्माण हुन लागेको हो ।

सांसद विश्वकर्माले सिमरा र आसपास क्षेत्रका बासिन्दालाई वीरगंज, हेटौंडा, भरतपुरलगायतका ठाउँमा प्रसूतिका लागि धाउन नपरोस् भनेर प्रदेश सरकारले उक्त सेन्टरका लागि बजेट छुट्टाएको बताए ।

## लागूऔषधसहित युवक पक्राउ

प्रस, सर्लाही, १२ जेठ/

ब्रह्मपुरी गाउँपालिका–४ स्थित राजबेरी इलाकाबाट सशस्त्र प्रहरीको टोलीले लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बरहथवा नगरपालिका–५ बस्ने २१ वर्षीय प्रमोदकुमार महतो छन् । महतोको साथबाट सशस्त्र प्रहरीको टोलीले १२० बोतल लागूऔषध बरामद गरेको हो ।

भारतबाट नेपालतर्फ आउँदै गरेका महतोलाई सशस्त्र प्रहरीको बोर्डर आउट पोस्ट त्रिभुवननगरबाट खटिएको टोलीले शङ्का लागेर चेकजाँच गरेको थियो । चेकजाँचको क्रममा लागूऔषध भेटिएपछि महतोलाई आवश्यक कारबाईको लागि नेपाल प्रहरीलाई बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

### वडा नं......................

उनीहरूलाई आवश्यक परामर्श दिने र उनीहरूको काबुभन्दा बाहिर भएको घटनामा चिकित्सकीय सेवा उपलब्ध गराउने अभियान शुरू गरिएको बताए ।

वडा नं ५ मा दोस्रो कोरोनाकालमा अहिलेसम्म ६५ जनाभन्दा बढी सङ्क्रमित भएका र उनीहरूको अवस्था सामान्य भइसकेको वडाध्यक्ष चौरसियाले जानकारी गराएका छन् ।

### दलित बस्तीमा............

केही सङ्घसंस्था र पालिकाले समेत लकडाउनको सातापछि नै राहत वितरण गरेको थियो । तर यस वर्ष लकडाउनको तीन साता बित्न लाग्दा पनि कतैबाट कुनै राहत नआएको उनले गुनासो गरिन् ।

यस सम्बन्धमा लहान नपा वडा नं १५ का अध्यक्ष तेजनारायण चौधरी भने दलित बस्तीका बिरामीहरूलाई निश्शुल्क उपचारका लागि स्वास्थ्य चौकीमा आउन पटक–पटक खबर गर्दा पनि नआएको बताउँछन् । ज्वरोले थलिएकाहरूमा कोरोना भाइरस सङ्क्रमण भएको हुन सक्ने वडाध्यक्ष चौधरीले आशङ्का गरे । उपचार गराउन नआए पनि नगरको स्वास्थ्य शाखासँग समन्वय गरी यसै साताभित्र दलित बस्तीमा स्वास्थ्यकर्मीको टोली लगेर स्वास्थ्य परीक्षण तथा औषधोपचार गर्ने तयारी भइरहेको उनले बताए ।

### आजको राशिफल

| | |
|---|---|
| मेष: वादविवाद | वृष: व्यापारवृद्धि |
| मिथुन: कडाश्रम | कर्कट: सुसमाचार |
| सिंह: भयचिन्ता | कन्या: मित्रमिलन |
| तुला: अतिथिआगमन | वृश्चिक: सुयश |
| धनु: खर्चवृद्धि | मकर: धनलाभ |
| कुम्भ: सफलता | मीन: राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# फरक समाचार

## प्रतिरक्षा प्रणाली बढाउने चिया

कोरोना महामारी बढेपछि सरकारले लकडाउन लगाएको छ । घरमा बसेर खानपानबाट पनि शरीरको प्रतिरक्षा प्रणाली मजबूत बनाउन सकिन्छ । काढा



र आयुर्वेदिक चियाबाट पनि सङ्क्रमण रोकथाममा मदत पुग्छ । तुलसी, अश्वगन्धा, मसला र कागती चियाले पनि रोगसँग लड्ने क्षमता बढाउँछ ।

सेन्ट्रल इन्स्टिच्युट अफ मेडिसिनल एन्ड एरोमैटिक प्लान्ट्स, लखनऊका विज्ञ आशिष कुमारले घरमैं बसेर आयुर्वेदिक चिया कसरी बनाउनेबारे जानकारी गराएका छन् ।

**तुलसी चिया (कफ, रुघाखोकी र दममा फाइदा)**: तुलसीको पातको चिया बनाउनको लागि यसको ताजा पात, सुकेको पात वा धूलो पनि प्रयोग गर्न सकिन्छ । तुलसीको चियाले कफ, रुघाखोकी, दम र ब्रोन्काइटिसबाट राहत दिन्छ । तुलसीको चियामा यस्तो तत्त्व हुन्छ, जसले कफ र बलगमबाट छुटकारा दिन्छ । साथै तुलसीको चियामा एन्टिसेप्टिक, एन्टिअक्सिडेन्ट र एन्टिब्याक्टेरियल तत्त्व हुन्छन् ।

चिया बनाउनको लागि सबैभन्दा पहिले एक गिलास पानी उमाल्नुपर्छ, त्यसपछि ८–१० वटा तुलसीको पात राखौं । त्यसपछि इच्छा अनुसार थोरै अदुवा र सुकमेलको धूलो पनि मिलाउन सकिन्छ । १० मिनेटसम्म उमालेर छानौं । यसमा स्वाद अनुसार मह वा कागतीको रस मिसाएर पिउन सकिन्छ । तुलसीको चियामा दूध वा चिनी राख्नुहुँदैन किनभने यसबाट औषधीय गुणमा कमी हुन्छ ।

**अश्वगन्धाको चिया (सुन्निने र सङ्क्रमणलाई घटाउँछ)**: अश्वगन्धा एउटा औषधीय बिरुवा हो, यसको जराको प्रयोग चिया बनाउन गरिन्छ तर आजभोलि यसको पातको पनि चिया बनाउने प्रचलन बढ्दै छ । आयुर्वेद अनुसार अश्वगन्धाको जरा वा पातबाट बनेको चिया पिउदा रोगसँग लड्ने क्षमता मजबूत हुन्छ । यसको जरामा एन्टिअक्सिडेन्ट, एन्टिभेनम, एन्टिइन्फ्लेमेट्री र एन्टिट्युमर हुन्छन् ।

अश्वगन्धाको चिया बनाउनको लागि अश्वगन्धाको जरा, मह र कागती चाहिन्छ । एक गिलास पानीमा एक इन्च लामो अश्वगन्धाको जरा राखेर उमाल्नुपर्छ । पानी उम्लिएपछि त्यसलाई छानेरमा कपमा राखौं । अब यसमा एक चम्चा मह र स्वाद अनुसार कागतीको रस मिसाऔं । अश्वगन्धाको चियाले बच्चा, बुजुर्ग र महिला सबैलाई फाइदा पुऱ्याउँछ ।

**कागतीको चिया (टाउको दुख्ने, घाँटीको खसखस मेटाउँछ)**: कागतीको चियामा एन्टिअक्सिडेन्ट तत्त्व पाइन्छ । यसले सुन्निएको, ब्याक्टेरियल र भाइरल इन्फेक्शनबाट जोगाउँछ । कागती चिया चियापत्ती, कागतीको रस र चिनी मिलाएर तयार गरिन्छ । कागतीले स्वाद मात्र बढाउँदैन चियाको रङ्ग पनि बदलिदिन्छ । कागतीको चियामा भिटामिन सी बढी मात्रामा पाइन्छ, जसले रोगबाट लड्ने क्षमता बढाउँछ । जाडोमा, खोकी, टाउको दुख्ने र घाँटी खसखसाउँदा राहत दिन्छ । लेमन ग्रासका पातबाट पनि लेमन टी बनाउन सकिन्छ ।

**मसला चिया (ढुसी र ब्याक्टेरियाको सङ्क्रमणबाट जोगाउँछ)**: यदि तपाईं चियाको शोखिन हुनुहुन्छ भने मसला चिया राम्रो विकल्प हो । यसले स्वस्थ राख्छ र चियाको आवश्यकता पनि पूरा गर्छ । मसला चिया बनाउन सजिलो छ । चियापत्ती र दूधलाई उम्लिएको पानीमा मरिच, सोंठ, तुलसी, दालचिनी, सुकमेल, ठूलो इलाइची, ल्वाङ, पिपरामूल, जायफल, जायपत्री राखिन्छ ।

**दालचिनीको चिया (इम्युनिटी बढाउँछ, पाचन सुधार्छ, मोटोपन घटाउँछ)**: दालचिनीमा पोलिफिनोल एन्टिआक्सिडेन्ट हुन्छ, जसले रक्तचाप नियन्त्रित गरेर मुटुको रोगको खतरालाई घटाउँछ । यसले सुगरको स्तरलाई पनि नियन्त्रित गर्छ । बिहानको समयमा दालचिनीको चिया पिउँदा मेटाबोलिज्म र पाचन सुधार हुन्छ र मोटोपन कम गर्न मदत गर्छ । दालचिनीको एउटा डाठलाई रातभरि पानीमा भिजाउने । बिहान दालचिनीसहित त्यसको पानीलाई दुई मिनेटसम्म उमाल्ने ।

**जैस्मिन चिया**: जैस्मिन फूलमा पाइने एन्टिअक्सिडेन्टले शरीरमा बन्ने फ्रि रेडिकल्सलाई टाढा गर्छ । फ्री रेडिकल्सले कोशिकालाई नोक्सान पुऱ्याउँछ । यो चिया विशेषगरी मोटोपन घटाउनेहरूको लागि निकै फाइदाजन छ । खानापछि जैस्मिनको चिया पिउँदा इम्युन सिस्टम मजबूत हुन्छ र मुटुरोगबाट जोगिन सकिन्छ । एक कप पानीमा जैस्मिनका चार/पाच वटा सुक्खा फूल राखेर पाँच मिनेटसम्म उमाल्नुपर्छ । चिया कपमा राखेपछि चिनी वा महको प्रयोग गर्नुपर्छ ।

**कैमोमाइल चिया**: कैमोमाइलको फूलबाट बनेको चिया पिउँदा त्वचा चम्किलो हुन्छ र निद्राको समस्या समाधान हुन्छ । राति निद्रा नलाग्ने समस्या छ भने सुत्नुभन्दाअघि यो चिया पिउनुपर्छ । रुघाखोकीबाट ग्रसितहरूको लागि यो चियाले जादूसरह काम गर्छ ।

एक कप उम्लिएको पानीमा कैमोमाइलका पाँचवटा सुखेको फूल राखेर पाँच मिनेटसम्म उमाल्ने र त्यसपछि यसमा मह र एक चिया चम्चा कागतीको रस राखेर सेवन गर्नुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७७/०७८



लकडाउन लम्बिँदै जाँदा खाना पकाउन दाउराको जोहो गर्दै निजगढकी एकजना गृहिणी । तस्वीरः जीतलाल श्रेष्ठ

# दलित बस्तीमा रुघाखोकी र ज्वरोको प्रकोप

प्रस, सिराहा, १२ जेठर

सिराहाको लहान नगरपालिकास्थित दलित बस्तीमा रुघाखोकी र ज्वरोको प्रकोप फैलिएको छ । नगरको उत्तरी क्षेत्रमा अवस्थित दलित बस्तीमा पछिल्लो दुई सातादेखि प्रकोप देखिएको हो ।

ज्वरो र रुघाखोकीका बिरामीहरू स्वास्थ्य संस्थामा नगई घरैमा बसेका छन् । स्वस्थ्य संस्थामा जाँदा कोरोना सङ्क्रमण हुन्छ भन्ने डरले उनीहरू उपचार गराउन नगएका हुन् । "आफूहरूलाई लागेको रुघाखोकी र ज्वरो कोरोना होइन, हेल्थपोस्ट वा अस्पताल गइयो भने बरु आफूहरूलाई कोरोना सर्न सक्छ भन्ने त्रास उनीहरूमा देखियो," सामाजिक अगुवा नटु रामले भने ।

लहान नगरपालिका वडा नं १५ मा पर्ने सिसवनी, वीरनगर, बानो, मेनहर्वा, ढोढना टोलका प्रायः दलित परिवारमा बिरामी परेका रामले बताए । हरेक घरका अधिकांश सदस्य ज्वरोले थलिएको भएपनि आफूहरू स्वास्थ्य चौकी जान नसक्ने र सकभर जान पनि नचाहने स्थानीय रामपति देवी बताउँछिन् । गाउँमा स्वास्थ्यकर्मी आएदेखि उपचार गरौंला भन्ने रहेको तर हालसम्म कुनै स्वास्थ्यकर्मी आफूहरूको गाउँटोलमा नआएको उनले प्रतीकसँग गुनासो गरिन् ।

बिरामीहरूमा टाउको दुख्ने, ज्वरो आउने र सुक्खा खोकी लाग्ने समस्या रहेको उनले बताइन् । उपचार गर्नका लागि दलित बस्ती क्षेत्रका बासिन्दाले दुईदेखि तीन किलोमिटरसम्म पार गरेर लहान बजार आइपुग्नुपर्छ । उक्त बस्तीमा रोगसँगै भोकको समस्या पनि शुरु भएकोले झन् उपचार गर्ने खर्चसमेत नभएको सिसवनी निवासी ५१ वर्षीय राम सदायले बताए । "बालबालिकादेखि वृद्धवृद्धासम्मलाई एकै किसिमको रोग छ, तर कोरोनाविरुद्ध सुरक्षाका उपायहरू अपनाउन आवश्यक सामग्री खरीद गर्ने र उपचार गर्ने खर्च दलितहरूसँग छैन," उनको भनाइ थियो ।

मजदूरी गरेर जीविका चलाउँदै आएका दलितहरूको सिसवनी गाउँमा मात्रै ४३ घरधुरी छ । ज्वरो फैलिएपछि कतिपय घरधुरीमा त चुलो पनि बल्न छोडेको सोही स्थान निवासी ननुवा सदायले बताए ।

घरका सबैजना ज्वरोले थलिएपछि चुलो बालिदिने कोही नभएको घर केही छन् भने अधिकांश घरमा काम गर्न सक्ने जति थलिएपछि खर्च र खाने कुरा केही नहुँदा बिहान–बेलुका चुलो बल्न छोडेको ५३ वर्षीया सुर्जीदेवी सदायले बताइन् । उक्त बस्तीमा अघिल्लो वर्ष लकडाउनमा

(बाँकी तेस्रो पातामा)

# चर्को शुल्क लिने अस्पताललाई वीरगंज महानगरले कारबाई गर्ने

प्रस, परवानीपुर, १२ जेठ/

वीरगंज महानगरले चर्को शुल्क लिई बिरामीको उपचार गर्ने वीरगंजका निजी अस्पतालहरूलाई कारबाई गर्ने जनाएको छ । कोरोना महामारीको दोस्रो चरणमा वीरगंजका केही अस्पतालले कोभिड र ननकोभिड बिरामीसँग चर्को शुल्क लिएको तथ्य उजागर भएपछि महानगरको ध्यानार्षण भएको बताउँदै महानगरले कारबाई गर्ने चेतावनी दिएको हो ।

वीरगंजका प्रमुख विजयकुमार सरावगीद्वारा हस्ताक्षरित विज्ञप्ति जारी गर्दै त्यस्ता अस्पतालहरूलाई कारबाइ गर्ने चेतावनी दिइएको हो ।

कोरोना महामारी रोकथाम तथा नियन्त्रण गर्न जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र पर्साले जिल्लाका अस्पतालहरूको शुल्क अनुगमन गरिरहेको र दोषी भेटिएका अस्पताललाई कानूनको दायरामा ल्याइने बताए । निजी अस्पतालहरूले अक्सिजन, पिपिई, भेन्टिलेटर, औषधिलगायतमा चर्को शुल्क उठाइरहेका छन् । एकजना सङ्क्रमितसँग १० दिनको उपचार खर्चबापत रु ३ लाखसम्म असुलेको तथ्य फेला परेको थियो ।

# साढे दुई करोड जनसङ्ख्याको पहुँचमा इन्टरनेट

काठमाडौं, १२ जेठ/रासस

नेपालमा साढे दुई करोड मानिससम्म इन्टरनेट सेवाको पहुँच छ । नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०७७–७८ को आठ महीना (साउनदेखि फागुन मसान्तसम्म) को तथ्याङ्क अनुसार नेपालमा दुई करोड ६३ लाख ५६ हजारभन्दा बढी जनसङ्ख्याको पहुँचमा इन्टरनेट सेवा पुगेको हो ।

प्राधिकरणको तथ्याङ्क अनुसार गत माघको तुलनामा फागुनमा नौ लाख ३६ हजारभन्दा बढी प्रयोगकर्ता थपिएका छन् । गत माघमा कुल दुई करोड ५४ लाख १९ हजारजनाको पहुँचमा इन्टरनेट सेवा पुगेको थियो ।

नेपालमा कुल जनसङ्ख्यामध्ये फागुन मसान्तसम्म ८७.१९ प्रतिशतमा इन्टरनेटको पहुँच पुगेको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण (२०११–२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो । प्रतिवेदनमा प्राधिकरणले नेपालको कुल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ ।

प्राधिकरणको तथ्याङ्क अनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ । फागुनसम्म मोबाइल इन्टरनेटको हिस्सा ६४.०८ प्रतिशत छ । एक करोड १५ लाख ६५ हजारभन्दा बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको छ । जसमा सबैभन्दा धेरै नेपाल टेलिकमको ९० लाख ९४ हजार र एनसेलको २४ लाख ७० हजार रहेको जनाइएको छ । गत माघमा एक करोड १३ लाख ५१ हजार प्रयोगकर्ता रहेकोमा फागुनमा दुई लाखभन्दा बढी थ्रिजीका प्रयोगकर्ता थपिएका छन् ।

त्यस्तै, फोरजीका प्रयोगकर्ता ७६ लाख ६८ हजार १८१ पुगेको छ । नेपालमा तीन दूरसञ्चार सेवा कम्पनीले फोरजी सेवा सञ्चालन गरेका छन् । तीन कम्पनी मध्येमा सबैभन्दा धेरै ग्राहक एनसेलको रहेको छ ।

आठ महीनामा एनसेल कम्पनीका फोरजीका ग्राहक ४८ लाख ५६ हजार ७४२ जना पुगेको छ । गत माघको तुलनामा फागुनमा पाँच लाख ३० हजार ८०६ जना बढेका छन् । गत माघमा फोरजीका ग्राहक ४३ लाख २५ हजार ९३६ जना रहेका थिए ।

प्राधिकरणको तथ्याङ्क अनुसार सरकारी स्वामित्वमा सञ्चालित नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) को फोरजीका ग्राहक २५ लाख ८९ हजार २९४ जना पुगेका छन् । गत माघको तुलनामा फागुनमा ४४ हजार ५७० जनाले वृद्धि भएको छ । गत माघमा फोरजीका ग्राहक २५ लाख ४४ हजार रहेका थिए ।

यसैगरी स्मार्ट टेलिकमका फोरजी प्रयोगकर्ता दुई लाख २३ हजार १४५ पुगेको छ । गत माघको तुलनामा फोरजीका ग्राहक एक हजारले मात्र बढेका छन् । स्मार्ट टेलिकमका फोरजीका मात्र ग्राहक रहेका छन् । फिक्स ब्रोडब्यान्डको हिस्सा २२.३५ प्रतिशत रहेको छ । यसमा एडिएसएलका आठ लाख १२ हजार र एफटिटिएच इन्टरनेट ५९ लाख ४२ हजारभन्दा बढी छन् ।






# प्रअ विवादले शिक्षकहरूले तलब पाएनन्

प्रस, पोखरिया, १२ जेठ/

पोखरियास्थित जिल्ला उच्चाङ्गल अन्तिम चौमासिकको तलब पाउन सकेका छैनन् ।



रामदेव कलवार माविका शिक्षकहरूले विद्यालयमा प्रधानाध्यापक नियुक्त हुन नसकेको कारण शिक्षकहरूले अन्तिम चौमासिकको तलब पाउन नसकेका हुन् । विद्यालयका प्रअ व्यास महतो चैत ३१ गते सेवानिवृत्त भएपछि उनले निमित्त विनोद चौधरीलाई दिएका थिए । तर विद्यालयमा रहेका अर्का शिक्षक ओमप्रकाश रौनियारले वरिष्ठताको क्रममा आफू ठूलो भन्दै दाबी गरेपछि अहिले विद्यालय व्यवस्थापन समितिले प्रअ नियुक्त गर्न सकेको छैन, जसले गर्दा त्यहाँका शिक्षकहरूले तलब पाउन नसकेका हुन् ।

पोखरियामा रहेका २४ वटा विद्यालयमध्ये २३ वटाले अन्तिम चौमासिक तलब बुझिसकेका छन् । प्रत्येक वर्ष वैशाखको अन्तिम साता वा जेठको पहिलो सातासम्म अन्तिम चौमासिक तलब शिक्षकहरूलाई उपलब्ध हुँदै आएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं पोखरिया नगरपालिकाका प्रमुख दीपनारायण रौनियारले यस सम्बन्धमा मन्त्रालयमा पत्राचार भएको बताए । उनले सेवा अवधिमा वरिष्ठ देखिनेलाई प्रअको जिम्मेवारी दिइने बताए । आजभोलिमा पत्र आउने र समस्या समाधान हुने उनले आश्वासन दिएका छन् ।

# दुईजना सङ्क्रमितको मृत्युपछि त्रास

प्रस, पोखरिया, १२ जेठ/

पोखरिया नगरपालिका–५ सतवरियामा दुईजना सङ्क्रमितको मृत्यु भएपछि अहिले सो वडामा त्रासको वातावरण छ ।

स्थानीय सङ्क्रमित वंशीमहतो चाई र रामानन्द चौहानको तीन दिनअघि कोरोना सङ्क्रमणबाट वीरगंजमा मृत्यु भएको हो ।

उनीहरू सङ्क्रमित भएको पुष्टि भएपछि र अहिले मृत्यु भइसक्दा परिवार र सम्पर्कमा आएका व्यक्तिहरूको पिसिआर, एन्टिजेन परीक्षण नहुँदा टोलवासीहरू भयभीत भएका हुन् । मृतक वंशीको नातामा भर्ने भतिजालाई अहिले कोरोनाको लक्षण भएको रुघाखोकी लागेपछि टोलमा झनै त्रासको वातावरण फैलिएको छ ।

# सालको काठ बरामद

प्रस, बिरुवागुठी, १२ जेठ/

पर्सागढी नगरपालिका–३ वनगस्ती टोलीलाई देखेर तस्कर भागेको र गोलिया नियन्त्रणमा लिएको



तस्वीरः प्रतीक

सृजनटोलनजीकबाट सबडिभिजन वन कार्यालय बडनिहारको टोलीले तीनवटा साइकलसहित तीन थान सालको गोलिया बरामद गरेको छ ।

सबडिभिजन वन कार्यालय बडनिहारका जमदार अर्जुन चौधरीको कमान्डमा खटेको वनगस्ती टोलीले सो सालको गोलिया बरामद गरेको हो । गएराति गस्तीको क्रममा जङ्गल फँडानी गरी सालको गोलिया ल्याउने क्रममा सबडिभिजन वन कार्यालय बडनिहारका कमान्डर रामाशिषप्रसाद कुर्मीले बताए ।

यसैगरी, आज बिहान दुई थान गोलिया बरामद भएको छ । जङ्गलमा रुख कटान गरी सालको गोलिया भित्र्याएको सूचनाको आधारमा वनगस्ती टोलीले सो सालको गोलियो बरामद गरेको हो । निषेधाज्ञा अवधिमा वन फँडानी तीव्र गतिमा भइरहेको छ ।

**अस्पताल......**

छ । यसपालि हालसम्म २५५ जना निको भई घर फर्केका छन् । विसं २०७७ वैशाखदेखि कात्तिकसम्म यो महाव्याधिले १८ जनाको ज्यान लिएको थियो भने दुई हजार १४१ जना सङ्क्रमित भएका थिए ।

जिल्लामा जेठ दोस्रो साता प्रारम्भदेखि सङ्क्रमण सङ्ख्या घट्दै गएको छ । जिल्लामा निषेधाज्ञाको अवधि बढाउँदै कडाइ गरेपछि सकारात्मक असर देखिन थालेको स्वास्थ्यकर्मीहरू बताउँछन् । बाह्य आवागमन ठप्प भएर स्वास्थ्य सचेतनाका मापदण्ड पूर्णतः पालना गराउन सके महाव्याधि नियन्त्रण चाँडै हुन सक्ने स्वास्थ्य कार्यालय, महोत्तरीका वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झा बताउँछन् ।

# कोरोनाबाट थप एकजना चिकित्सकको मृत्यु

प्रस, वीरगंज, १२ जेठ/

कोरोना सङ्क्रमणबाट रौतहटका चिकित्सक ६० वर्षीय डा शेख समीम अख्तरको वीरगंजमा मृत्यु भएको छ ।

वीरगंजमा १५ वर्षदेखि चिकित्सकीय सेवा दिंदै आएका अख्तर केही वर्षदेखि रौतहटको राजपुर फरहदवा नगरपालिका–४ मा आफ्नो अस्पताल सञ्चालन गरेर सेवा दिंदै आएका थिए ।

यसैबीच, कोरोना सङ्क्रमित भएपछि जेठ १० गते उनी वीरगंज हेल्थकेयरमा भर्ना भएका थिए । उनको उपचारको क्रममा बुधवार बिहान मृत्यु भएको हेल्थकेयरका सञ्चालक डा अबुलेस अन्सारीले जानकारी गराएका छन् ।

दोस्रो लहरको कोरोना सङ्क्रमणबाट वीरगंजमा दुईजना चिकित्सकको मृत्यु भइसकेको छ । यसअघि वीरगंज हेल्थकेयरमा कार्यरत डा मुराद हुसैनको मृत्यु भएको थियो ।

# गर्भवती महिलालाई सर्वोत्तम पीठो

प्रस, पोखरिया, १२ जेठ/

एक्शन एड नेपालको सहयोगमा दिव्य पोखरिया नगरपालिकाका वडा नं ७, ८ र १० मा ५ वर्षमुनिका ४ सय



लक्षित वर्गका परिवारजनलाई सर्वोत्तम पीठो उपलब्ध गराउँदै । तस्वीरः प्रतीक

युवा क्लबले पोखरियाका तीनवटा वडामा बालबालिका, गर्भवती, सुत्केरी महिलालाई सर्वोत्तम पीठो उपलब्ध गराएको छ ।

कोभिड–१९ का सहायक प्रभाव उत्थानशील प्रतिकार्य परियोजना अन्तर्गत बालबालिका, ८२ जना गर्भवती महिला र ६८ जना सुत्केरीलाई सर्वोत्तम पीठो उपलब्ध गराइएको दिव्य युवा क्लबका कार्यकारी निर्देशक रमाकान्त पटेलले बताए ।